# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंकका ग्राहकहरुले बुद्ध एयरको हवाई टिकट खरिद गर्दा छुट

मितिः २०८१/०५/२७

मुक्तिनाथ विकास बैंक र बुद्ध एयरबीच बैंकका कर्मचारी र ग्राहकहरुलाई हवाई टिकट खरिद गर्दा विशेष छुट प्रदान गर्न व्यवसायिक सम्झौता भएको छ । एक कार्यक्रम बीच उक्त सम्झौतामा बैंकको तर्फबाट बैंकका मार्केटिङ्ग विभाग प्रमुख विनय रत्न शाक्य र बुद्ध एयरको तर्फबाट मार्केटिङ्ग सेल्स्का निर्देशक रुपेश जोशीले हस्ताक्षर गर्नुभएको थियो ।



उक्त सम्झौता बमोजिम अगामी दिनमा मुक्तिनाथ विकास बैंकको मोबाईल बैंकिङ्ग तथा भिजा कार्ड प्रयोग गर्ने सबै ग्राहकहरुले बुद्ध एयरको टिकट काउन्टरबाट हवाई टिकट खरिद गर्दा ८ प्रतिशतसम्म छुट पाउने छन् । बुद्ध एयरका मार्केटिङ्ग सेल्स्का निर्देशक रुपेश जोशीले अब केहि दिन भित्रमा बुद्ध एयरको मोबाइल एपबाट समेत सो सुविधा लिन सक्ने व्यवस्था मिलाउने जानकारी दिनु भयो ।

साथै, बैंकले **नेपालमै टिक्न ,सजिलो छ** भन्ने नाराको साथ साना व्यापार तथा व्यवसायलाई प्रोत्साहन गर्न मुक्तिनाथ सरल कर्जा योजनाहरु ल्याएको छ। बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न प्रिपेड डलर कार्ड , मोबाईल बैंकिङ्ग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा तथा *मिस्डकल बैंकिङ्ग (बचत सेवाको लागिः १८०१११००२२, कर्जा सेवाको लागिः १८०१११००२३)* आदि जस्ता सेवाहरु बैंकको शाखामा भौतिक रुपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग

Winner of
EUROPEAN
MICROFINANCE
AWARD